**STREAM**

**प्रज्ञप्ती संक्षेपीकरण**

www.streaminitiative.org

**अंक १**

फेब्रुवरी ... २००५

संक्षेपीकरण...

# मतैक्य निर्माण

... दुई पाना वा कममा

## संक्षेपमा

**यो के हो ?**

नीति परिवर्तनमा मानिसहरुको सहमति

### यो पढ्नुस् यदि....

....तपाई नीति परिवर्तन गर्न चाहानु हुन्छ भने

### यसले समेटेको

- ❖ जहाँ नीति लागु हुन्छ, त्यहाँको जीविकोपार्जन परिस्थितिको बुझाई
- ❖ वर्तमान नीति उपरको अभिमत, विचारहरु र नीति परिवर्तनको लागि सुझावहरु (नीति र सेवा प्राप्ती कर्ताहरुबाट) संकलन गर्ने
- ❖ नाटक, घटनावली अध्ययन, गोष्ठी र अन्यत्रबाट पाठ सिकाइ तरीकाबाट विचारहरुको आदान प्रदान
- ❖ नीति परिवर्तनमा मतक्यैता निर्माण

"पदिय हैसियतबाट बाहिर रहेर निर्णय गर्ने"

"सहभागीहरुलाई आवश्यकीय सामाग्री र लगातारको पृष्ठपोषणबाट सहयोग गर्ने"

"समूहको प्रतिक्रिया संकलन, सहमतिको अनुगमन र निर्णयमा सहमति"

यसले औपचारिक वा अनौपचारिक दुवै किसिमले काम गर्छ साथै सानो वा ठूलो समूहमा पनि काम गर्छ।

यसले मानिसहरुले नीति निर्माणमा आफ्नो कुरा राख्न र नीति निर्माता तथा कार्यान्वयन कर्ताहरुलाई स्वतन्त्रता पूर्वक नयाँ विचार उपर धारण व्यक्त गर्न मद्दत गर्दछ

यसले नीति परिवर्तनमा प्राथमिकीकरण गरिएका विकल्पहरु उपलब्ध गराएर निर्णय गर्न सहयोग गर्दछ।

**यदि तपाई यो प्रज्ञप्ति संक्षेपबाट एउटै काम गर्न चाहनुहुन्छ भने यो गर्नुस..**

जसका लागि नीतिहरु बनाइएको र सेवा प्रदान गरिने हो उनीहरुलाई नीति परिवर्तन गर्न सुझाव प्रदान गर्ने अवसर प्रदान गर्नुस र नीति निर्माण र कार्यान्वयन कर्ताहरु बीचमा नीतिहरु परिवर्तन गर्नमा सर्वसम्मति निर्माण गर्नुस।

## संक्षेपीकरण.........

हामीले बनाएको नीतिहरुलाई प्रभावकारी बनाउन नीति लागु गरिने ठाउँको जीविकोपार्जन परिबेश राम्रो बुझ्नुपर्छ । मानिसहरुसंग भएको श्रोतहरु र तिनीहरु उपरको पहुँच, अप्ठ्याराहरु र त्यसलाई सामना गर्ने रणनीतिहरु र कसरी नीतिहरुले मानिसहरुको जीविकोपार्जनमा सहयोग पुऱ्याइ रहेछन् भनेर बुझ्न त्यति सरल र छिटो हुन सक्दैन। यो बुझ्नलाई नीतिले प्रभाव पारिरहेका मानिसहरुबाट नै बढी जानकारी हासिल गर्न सकिन्छ। विभिन्न तालिम, तरीकाहरु र श्रोतहरुले हामीलाई मानिसहरुसाग विश्वासिलो सम्बन्ध स्थापित गर्न र उनीहरुको अवस्था बुझ्न मद्दत गर्दछन्।

मानिसहरुको जीविकाको विषयमा बुझ्दै गर्दा हामीले वर्तमान सरकारी नीति र सेवाहरु वारे उनीहरुको अनुभव बुझ्न पाउँछौं। यसका साथै नीतिहरु उपर उनीहरुको धारणा र नीति परिवर्तनका लागि सुझावहरु पनि प्राप्त गर्न सक्दछौं।

नीति निर्माताहरु आफूले तयार गरेको नीतिले समुदायहरुलाई धेरै समयसम्म सहयोग गर्ने विश्वास गर्दछन् । तर त्यहाँ भाषिक, साास्कृतिक र सामाजिक-आर्थिक अवरोधहरु रहिरहेका हुन्छन्। यी अवरोधहरुले समुदाय र नीति निर्माताहरु बीच संचार गर्न अप्ठ्यारो भैरहेको हुन्छ । विभिन्न माध्यमहरु जस्तैः कृषकहरु वा मछुवारहरुको जीविका सम्बन्धी फिल्म बनाउने, सडक नाटक देखाउने, घटनावली अध्ययन आदिबाट सूचना र संचार आदन प्रदानलाई तिब्र बनाउन सकिन्छ। यसले गर्दा नीति कार्यशाला गोष्ठीमा स्पष्ट धारणा प्रस्तुत गर्न प्रोत्साहित गर्छ।

- ❖ समुदायमा गएर जिविकोपार्जनको अवस्था बारेमा बुझ्नुपर्छ । यसले नीतिहरुले जीविकोपार्जनमा कस्तो कार्य गरिरहेछ भन्ने थाहा हुन्छ।
- ❖ नीतिले प्रभावित गर्ने र सेवा प्रापकहरुसंग नीति उपर छलफल गरी वर्तमान नीतिबारे उनीहरुको विचार र नीति परिवर्तनका लागि सुझाव जम्मा गर्ने।
- ❖ नाटक, घटनावली अध्ययन, कार्यशाला र जहाँतहिबाट पढिएको पाठद्वारा विचारहरु आदान प्रदान गर्न सकिन्छ।

→ यी सबैले गर्दा मुद्दाहरुको सही पहिचान गर्न, नीति लागु हुने अवस्था, वर्तमान नीतिको कमी कमजोरी र नीति परिवर्तनका लागि सुझावहरु बुझ्न सहयोग पुग्दछ।

## नीति परिवर्तनमा मतैक्य निर्माण – संक्षेप

नीति परिवर्तनमा सुझावबाट निर्णय प्रकृयामा पुग्न छलफल र मतैक्य निर्माण गर्नुपर्ने हुन्छ । मतैक्य निर्माण प्रक्रियाले राजनैतिक वा संवेगात्मक वातावरणमा निर्णय लिन सहयोग गर्दछ । यसको साथै निर्णयलाई विरोधी चाहानाहरुले प्रभावकारी रुपमा प्रभाव पार्ने, र सामूहिक निर्णयका कमी कमजोरी हटाउँदै यसका फाइदाहरु उठाउन मद्दत गर्दछ ।

### ● परिवर्तनका लागि मतैक्य निर्माण

नीति निर्माता र कार्यान्वयन कर्ताहरुको (राष्ट्रियस्तर, प्रान्तिय र स्थानीय तहमा) एक समूह निर्माण गर्ने । यस समूहका प्रत्येक सदस्यले अरु को को सदस्यहरु छन् थाहा पाउनु पर्छ तर उनीहरुले काम भने एक्ला एक्लै गर्छन् । उनीहरुलाई जानकारी उपलब्ध गराउने र मध्यस्थ सहयोगीको सहयोगमा आफ्नो आफ्नो छनौट तयार गर्ने ।

मध्यस्थ कर्ताले सेवा र नीति प्राप्त कर्ताहरुको तर्फबाट नीति परिवर्तको सन्दर्भ र विकल्पहरुको वारे जानकारीहरु प्रदान गरी सहभागीहरुलाई नीति परिवर्तन विकल्पहरुको प्राथमिकीकरण गर्न लगाउँछन् । यसरी प्राथमिकीकरण गरिएका प्रतिक्रियाहरुलाई जम्मा गरी विभिन्न व्यक्तिहरुको समूहलाई फिर्ता दिएर उनीहरुको प्रतिक्रिया लिन्छन् । यसबेला सहभागीहरुले अरुले प्राथमिकीकरण गरेको बुँदाहरुमा सहमती वा असहमती व्यक्त गर्न सक्दछन् । आफूले असहमती व्यक्त गर्नुका कारणहरु बताएर अरुलाई सहमत गराउन र अरुलाई उनीहरुको धारण परिवर्तन गर्न लगाउन सक्दछन् । मध्यस्थकर्ताले नयाँ कुरामा सहमती भएमा त्यसलाई सबैका सामु प्रस्तुत गर्दछन् । अन्य सहभागीहरुले यसमा सहमती प्रदान गर्न वा आफ्नो छुट्टै धारण पनि व्यक्त गर्न पनि सक्दछन् ।

→ यसले गर्दा समूहका सदस्यहरु सबैलाई स्वतन्त्रतापूर्वक आफ्नो धारण व्यक्त गर्न र अरुका धारणा उपर आलोचना गर्न सहयोग पुग्दछ । तर यसमा माथिल्लो ओहदाको वा बढी बोल्नेहरुको बोलवाला हुन भने पाउँदैन ।

धेरै पटक (चार भन्दा बढी नहुने गरी) को छलफलबाट विचारमा सहमती खोजिन्छ ।

→ समुदायबाट प्राप्त नीति परिवर्तनका सुझावहरुले तल्लो तहको आवाजलाई नीतिमा समावेश गर्न सकिन्छ र मध्यस्थको सुझाव संकलन र पृष्ठपोषणले गर्दा नीति निर्माता र कार्यान्वयनकर्ता सबैलाई नीति निर्माणमा सहभागी हुने अवसर प्राप्त हुन्छ ।

यो प्रक्रियाले स्पष्ट रुपमा कुन क्षेत्रमा के नीति परिवर्तन गर्ने हो भन्ने कुरा तल्लो तहबाट प्राप्त गर्ने र नीति निर्माता र कार्यान्वयन कर्ताहरुले स्विकार गर्ने अवसर प्राप्त हुन्छ ।

### यो शिर्षकसंग मिल्ने अन्य जानकारी र डकुमेन्टहरुः

- **R8100** मत्स्यपालन सेवा प्रभावकारि बनाउन नीतिगत सुधार अध्ययन **बाह्रवटा प्रतिवेदन** (ISBN 974-7313-63-4) http://www.streaminitiative.org/Library/India/india.html
- **R8100** भारतका नीति सरोकारवालाहरुसंग कार्य गर्दा हासिल भएको **R8334** गरीब निर्देशित नीति पाठ प्रबर्द्धन **आठवटा प्रतिवेदन** http://www.streaminitiative.org/Library/pdf/pdf-india/StakeholdersMeeting.pdf

### यो कसरी तयार भयो ?

प्रज्ञप्ती संक्षेपीकरण श्रृखला एशिया प्रशान्त क्षेत्रको मत्स्य केन्द्रहरुको संजाल (नाका) मा रहेको क्षेत्रीय जलचरहरुको व्यवस्थापनमा सहयोग (स्ट्रम) ले तयार गरेको हो ।
प्रज्ञप्ती संक्षेप नं.१ कृषकहरु, मछुवारहरु, स्थानीय जिल्ला, प्रान्तीय र केन्द्रीय तहका सरकारी र गैहसरकारी क्षेत्रका सरोकारवालाहरुको अनुभवमा आधारित रहेर तयार गरिएको हो । यसलाई तयार गर्न वेलायत सरकारको अन्तर्राष्ट्रिय सहयोग विभाग( डिफिड) ले संचालन गरेको प्राकृतिक श्रोत प्रणाली आयोजनाको मत्स्यपालन सेवामा गरीब निर्देशित नीतिगत सुधार अध्ययन कार्यक्रम, जुन मार्च २००२ देखि अप्रिल २००३ सम्म संचालित, ले सहयोग गरेको हो यसले ग्रामिण जीविकोपार्जलाई सुधार गर्न मत्स्यपालन सेवाटेवा कार्यक्रमलाई बढी प्रभावकारी बनाउने तरीकाहरु पत्ता लगाउने, परीक्षण गर्ने र त्यसलाई प्रबर्द्धन गर्ने उद्देश्यले संचालित भएको थियो । बढी जानकारीको लागि www.streaminitiative.org/Library/India/india.html वा सम्पर्क गर्नुहोस

STREAM, NACA, Suraswadi Bldg, DOF Complex, Kasetsart University, Ladyao, Jatujak, Bangkok 10900 THAILAND, Fax (662) 561-1727, Tel (662) 561-1728